नेपाल सरकार
**स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय**
जनस्वास्थ्य समन्वय तथा सूचना प्रविधि महाशाखा
**सूचना प्रविधि तथा ई-हेल्थ शाखा**

website : www.mohfs.gov.np

आ.ब. २०८३।०८४
च.नं. ३५२

मितिः २०८३।०७।११

श्री सबै सरोकारवाला निकाय तथा संस्थाहरू,
(अन्तर्गतका निकायहरु, प्रदेश स्वास्थ्य मन्त्रालय, स्थानीय तह, सरकारी तथा निजी स्वास्थ्य संस्था एवं EMR/HIS सेवा प्रदायकहरू)

विषयः नेपाल कोर एफ.एच.आई.आर. कार्यान्वयन निर्देशिका कार्यान्वयन गर्ने सम्बन्धमा।

यस मन्त्रालयको मिति २०८३/०६/२० को मन्त्रीस्तरिय निर्णयानुसार "नेपाल कोर एफ.एच.आई.आर. कार्यान्वयन निर्देशिका (NP Core FHIR Implementation Guide), संस्करण १.०.०" राष्ट्रिय मानकका रूपमा स्वीकृत भई कार्यान्वयनमा रहेको छ ।

उक्त निर्देशिकाले नेपालका स्वास्थ्य संस्थाहरूमा सञ्चालित विद्युतीय चिकित्सा अभिलेख (EMR) तथा अस्पताल सूचना प्रणालीहरूबीच बिरामीको विवरण आदान-प्रदान गर्ने साझा राष्ट्रिय मानक(Standard) निर्धारण गर्दछ। यसमा बिरामी, स्वास्थ्यकर्मी, स्वास्थ्य संस्था, सेवा भेट(Encounter), रोग, प्रयोगशाला, औषधि, खोप तथा प्रेषणसम्बन्धी ढाँचा, नेपालको संघीय भूगोल र राष्ट्रिय पहिचान प्रणालीहरू समेटिएका छन्।

निर्देशिका सबैका लागि https://fhir.digitalhealth.gov.np/core मा उपलब्ध छ।

तदनुसार देहाय बमोजिम गर्नु/गराउनुहुन निर्णयानुसार अनुरोध छः

१. औषधि व्यवस्था विभागले राष्ट्रिय औषधि सङ्केत सूची प्रकाशन गर्ने र राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले परीक्षणहरुको राष्ट्रिय सूची तयार गरी अन्तर्राष्ट्रिय LOINC संकेत सँग आवश्यकता अनुसार मानचित्रण गर्ने ।

२. औषधि व्यवस्था विभागले राष्ट्रिय औषधि सङ्केत सूची प्रकाशन गरेपछि सो प्रकाशन भएको ३ (तीन) महिनाभित्र सबै स्वास्थ्य संस्था तथा सेवा प्रदायकले आफ्नो प्रणालीको औषधि तथ्याङ्क सोहीअनुसार मानचित्रण (mapping) गर्ने।

३. सबै सरकारी तथा निजी स्वास्थ्य संस्थाले आफ्नो EMR/HIS लाई निर्देशिका अनुरूप स्तरोन्नति गर्ने ।

४. सबै EMR/HIS सेवा प्रदायकले यो परिपत्र प्राप्त भएको मितिले ६ (छ) महिनाभित्र आफ्नो प्रणाली उक्त निर्देशिका अनुरूप बनाई मन्त्रालयले उपलब्ध गराउने अनुपालन परीक्षण उपकरण (Conformance Test Suite) प्रयोग गरी आफ्नो प्रणालीको परीक्षण गराउने, NP Core Creator को दायित्व अनुसार Must Support Fields पुरा गर्ने र FHIR R4 API कार्यान्वयन गर्ने।

५. प्रदेश स्वास्थ्य मन्त्रालय तथा स्थानीय तहले आफ्नो क्षेत्राधिकारभित्रका स्वास्थ्य संस्थाहरूमा यस मानकको कार्यान्वयनका लागि आवश्यक समन्वय तथा अनुगमन गर्ने।

६. कार्यान्वयनको अवस्थासम्बन्धी प्रगति विवरण प्रत्येक त्रैमासिक रूपमा यस मन्त्रालयमा पठाउने।

(आदर्श ढकाल)
कम्प्युटर इन्जिनियर